**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:23.07.2024**

***Union Budget***

केन्द्रीय वित्तमन्त्री श्रीमती निर्मला सीतारामानले आज लोकसभामा 2024-2025 सालको आम बजट प्रस्तुत गर्नुभयो।

यो नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो पूर्ण बजट हो।

श्रीमती सीतारामणले सातौं चोटि बजट प्रस्तुत गर्नुभयो।

उहाँले व्यक्तिगत आयकर दर सम्वन्धमा नयाँ कर व्यवस्थाको विकल्प चयन गर्नेहरूका लागि दुईवटा घोषणा गर्नुभयो।

वेतनभोगी कर्मचारीहरूका लागि मानक कटौतीलाई पचास हजारदोखि बढ़ाएर पचहत्तर हजार रूपियाँ गर्ने प्रस्ताव राखिएको छ।

पेन्शनभोगीहरूका लागि पारिवारित पेन्शनका कटौतीलाई पन्ध्र हजार रूपियाँदेखि बढ़ाएर पच्चीस हजार रूपियाँ बनाउने प्रस्ताव नयाँ कर व्यवस्थामा कर दर संरचनामा पनि संशोधन गरिएको छ।

तीन लाख रूपियाँ सम्मको आयमा कुनै कर लाग्ने छैन्। तीन देखि सात लाख रूपियाँ सम्मको आम्दानीमा पाँच प्रतिशत सातदेखि दस लाख रूपियाँसम्म दस प्रतिशत र पन्ध्र लाख रूपियाँ भन्दा अधिक आयमाथि तीस प्रतिशत सम्म कर लगाउने प्रस्ताव छ।

बजटमा रोजगार, कौशल प्रशिक्षण, एम एस एम ई र मध्यम वर्गमाथि ध्यान केन्द्रित गरिएको छ। रोजगार, कौशल प्रशिक्षण र अन्य अवसरहरूको सुविधा उपलब्ध गराउनका लागि प्रधानमन्त्रीका पाँच योजनाहरू र पहसका पाँच प्याकेजहरूको घोषणा गरिएको छ।

श्रीमती सीतारमणको भन्नुभयो सरकारले जनजाति समुदायको आर्थिक स्थितिमा सुधारका लागि प्रधानमन्त्री जनजातीय उन्नत ग्राम अभियान चलाउनेछ।

केन्द्रीय मन्त्रीले भन्नुभयो महिलामुखी विकासलाई प्रोत्साहित गर्ने उद्देश्यले महिलाहरू र बालिकाहरूका निम्ति लाभकारी योजनीहरूमाथि तीन लाख करोड़ रूपियाँ भन्दा अधिकको आंवटन गरिएको छ।

आफ्नो बजट भाषणमा केन्द्रीय मन्त्रीले गत वर्ष अक्तूबर महीनामा सिक्किममा टिस्टा नदीमा आएको बाढ़ीको कारणले राज्यमा भएको क्षयक्षतिलाई ध्यानमा राखेर केन्द्रीय सहायताको घोषणा गर्नुभयो।

***Budget Reaction MP LS***

यसैवीच सिक्किमका लागि केन्द्र सरकारवाट सहयोगको घोषणा गरिएकोमा लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बाले राज्यका जनताको तर्फवाट प्रधानमन्त्री श्री नरेन्द्र मोदी र केन्द्रीय वित्त मन्त्रीप्रति कृतज्ञता प्रकट गर्नुभएको छ।

उहाँले भन्नुभएको छ केन्द्र सरकारसित मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको असल सम्वन्धका कारणले यस्तो सम्भव भएको हो

***Reaction BJP***

प्रदेश भारतीय जनता पार्टीले पनि वित्त मन्त्रीको बजट भाषणमा भलबाढ़ीले गरेको क्षतिपछि सिक्किमको पुनर्निमाणका लागि विशेष सहायताको घोषणाको स्वागत गरेको छ।

प्रभावित क्षेत्रहरूमा राहतका लागि यो सहायता प्याकेजले सिक्किमको कल्याणप्रति मोगी सरकार प्रतिवध्द रहेको प्रमाणित गर्ने कुरो बताउँदै पार्टीले प्रधानमन्त्री र केन्द्रीय वित्तमन्त्रीप्रति आभार प्रकट गरेको छ।

---

***CM***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभएको छ SKM पार्टीको सरकारले सदैव राज्यका कलाकारहरूलाई सदैव सहायता मान र सम्मान गरेको छ।

उहाँ आज गान्तोकको मनन केन्द्रमा एउटा नृत्य एकाडमीको दशौं वर्ष गाँठ समारोहलाई मुख्य अतिथिको  रूपमा सम्वोधन गर्दैहुनुहुन्थ्यो।
अब श्रामिक कल्याण कृषक कल्याण कला संस्कृति तथा धरोहर विकास धरोहर, विद्यार्थी कल्याम र अवकाशप्राप्त कर्मचारी कल्याणका लागि बोर्ड गठन गरेर राज्यवासीको हितमा काम गर्ने घोषणा गर्दै श्री तामाङले भन्नुभयो मुख्यमन्त्री शिक्षा सहयोग योजना अन्तर्गत अब उसो राज्य गरीब परिवारका नानीहरूलाई सहयोग गरिनेछ।

एकाडमीको कलाकारहरूको सांस्कृतिक प्रस्तुतिले सबैलाई आकर्षित गरयो।

---

***EVM Checking***

नाम्ची सिंगिथाङ समस्टिको आगामी उपचुनाउका लागि इलेक्ट्रोनिक भोटिङ मशिन EVM र VVPAT को प्रथम स्तरीय जाँच कार्य नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा आज सम्पन्न भयो।

भारतको निर्वाचन आयोगको दिशानिर्देश अनुरूप पैतिसवटा बेलट युनिट, छत्तीसवटा कन्ट्रोल युनिट र पैंतिसवटा VVPAT को पूर्ण जाँच प्रक्रियामा एउटा VVPAT खराब पाइयो।

दुई दिनमा जम्मा स्त्तरीवटा EVM र VVPAT निरीक्षणपछि यी मशिनहरूलाई सीलवन्द गरी भणडारगृहमा राखिएको छ।
अनुपा ताम्लिङ अन्य अधिकारीहरू र राजनीतिक पार्टीका प्रतिनिधिहरू उपस्थित थिए।

---

***Budget Session***

राज्य विधानसभाको बजट अधिवेशन आउँदो महीना पाँच तारीकदेखि बस्ने भएको छ।

राज्य विधानसभा सचिवाल्यद्वारा हिजो जारी अधिसूचनामा यस्तो आशयको जानकारी दिइएको छ।

विधानसभा सचिवालयले भनेको छ पाँच,छ, सात र नौ अहस्तमा बस्ने बजट सत्तलाई ध्यानमा राखेर विधानसभा सचिवालय सरकारी विदा चौंथो शनिवार सत्ताइस जुलाइका दिन अनि अठाइस र चार अगस्तमा आइतवारका दिन खुल्ला रहनेछ।

---